## आस्वा शुल्क सम्बन्धी सूचना

बोर्डले धितोपत्र सार्वजनिक निष्काशनको आस्वा प्रणालीमा लाग्ने शुल्कलाई लगानीकर्ता मैत्री बनाउँदै समयानुकुल परिमार्जन गरी **"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"** मा तेस्रो संशोधन गरी मिति २०७९।०५।०५ देखी लागु गरेको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा उक्त शुल्क लागू हुने मितिको सम्वन्धमा दुविधा पर्न गएको भनी धितोपत्र बजार सहभागीहरु, लगानीकर्ताहरु तथा अन्य सरोकारवालाहरुबाट स्पष्ट गरिदिनका लागि बोर्डमा अनुरोध भई आएको सन्दर्भमा मिति २०७९।०५।०५ भन्दा अगाडि सार्वजनिक निष्काशन खुल्ला भईसकेका संगठित संस्थाहरुको धितोपत्र सार्वजनिक निष्काशनको आवेदनको हकमा साविकको (संशोधित अघिको) व्यवस्था बमोजिमको शुल्क लाग्ने तथा मिति २०७९।०५।०५ पश्चात धितोपत्रको सार्वजनिक गरेका संगठित संस्थाहरुको धितोपत्र सार्वजनिक निष्काशनको आवेदनको हकमा उक्त संशोधित व्यवस्था लागु हुने व्यहोरा सम्पूर्ण बजार सहभागिहरु, लगानीकर्ता तथा सम्बद्ध सरोकारवाला पक्षहरुमा सूचित गरिन्छ।

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर।